आज मिति २०७५ साल मंसिर २८ गते शुक्रवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | अनुपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |

**<u>कार्यकारीणी सदस्यहरु</u>**

| | | |
|---|---|---|
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| का.वा. अध्यक्ष व्यास १३ | श्री एकराज तिवारी | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमारकन्चन जि.सी. | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

**<u>प्रस्तावहरु:</u>**

१) कर्मचारी समायोजन अध्यादेश २०७५ सम्बन्धमा
२) होम-स्टे दर्ता नवीकरण तथा सिफारिस सम्बन्धमा
३) पृथ्वी राजमार्गको सडक क्षेत्राधिकार सम्बन्धमा
४) सौर्य सिंचाई योजना सम्बन्धमा
५) घर नक्सापास प्रक्रियाको सुपरिभिजन सम्बन्धमा
६) ने-कोर्यो अस्पतालको दर्ता नवीकरण सम्बन्धमा
७) अन्तराष्ट्रिय आप्रवासन दिवस मनाउने सम्बन्धमा

**<u>निर्णय नं.१:</u>** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुंदा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (**<u>कर्मचारी समायोजन शाखा</u>**) को पत्र संख्या २०७५/०७६ चलानी नम्बर २५ मिति २०७५/०८/२४ को प्राप्त पत्र अनुसार यस स्थानीय तह (**<u>साविकको स्थानीय नियकाय</u>**) ले स्थायी पदपूर्ति प्रकृयाद्वारा नियुक्ति दिएका कर्मचारीहरुको नियुक्ति दिंदाका बखत निर्दिष्ट गरिएको (स्थायी पदपूर्तिको विज्ञापन सम्बन्धी सूचना र सेवा प्रवेश गर्दाको स्थायी नियुक्ति समेतमा कायम भएको) सेवा, सुविधाका शर्त एवं दर्जा स्तर र पदलाई समेत आधारमानी समायोजन गर्ने/गराउने  व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ उपर छलफल हुँदा निम्नानुसारका होमस्टेहरुको दर्ता र गण्डकी प्रदेश सरकारले होमस्टेहरुलाई प्रदान गर्ने पूँजिगत अनुदान सम्बन्धी सिफारिस सम्बन्धमा कार्यालयद्वारा गरिएका सो सम्बन्धी सम्पूर्ण प्रकृयाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) जौवारी सामुदायिक होम-स्टे | व्यास ९- जौवारी, तनहुँ |
| (ख) केशवटार सामुदायिक होम-स्टे | व्यास १४- केशवटार, तनहुँ |
| (ग) कुलुङ सामुदायिक होमस्टे | व्यास १४- कुलुङ, तनहुँ |
| (घ) तनहुँसुर देवस्थल सामुदायिक होम-स्टे | व्यास ११- तनहुँसुर, तनहुँ |
| (ङ) दुम्सी नमुनाग्राम दराई सामुदायिक होम-स्टे | व्यास १०- दुम्सी, तनहुँ |
| (च) आँपश्वाँरा सामुदायिक दलित होम-स्टे | व्यास १३- पोखरीभन्ज्याङ्ग, तनहुँ |

**निर्णय नं.३:** प्रस्ताव नं.३ उपर छलफल हुँदा साविकमा पृथ्वी राजमार्गको दायाँबाँया (**यस नगरपालिका क्षेत्र खण्ड**) तर्फ ७५ फिट सडक क्षेत्राधिकार कायम गरी नक्सापास स्वीकृत प्रमाण पत्र प्रदान गर्ने कार्य गरेको हाल परिवर्तित कानूनी व्यवस्था बमोजिम सडक केन्द्रबाट दायाँबाँया ८२ फिट कायम गरेर मात्र नक्सापास स्वीकृति दिई/लिई भौतिक संरचना घर, भवन, टहरा तथा अन्य भौतिक संरचनाहरु निर्माण गर्नु/गराउनुपर्ने भएको र सोही अनुसार नक्सापास प्रकृया अगाडि बढाई सकिएको परिप्रेक्ष्यमा विगतमा दायाँबायाँ ७५ फिट सडक क्षेत्राधिकार कायम गरी निर्माण भएका घरहरुको स्वामित्व हस्तान्तरण लगायत नक्शा नवीकरण गर्दा समेत सम्बन्धित पक्षबाट साविकको नक्शामा जे-जस्तो भएतापनि हालको कानूनी प्रावधान बमोजिम सडक केन्द्रबाट दायाँबाँया ८२ फिट कायम हुने गरी साइट प्लान परिवर्तन सहितको संशोधित नक्शा पेश गराई स्वीकृत गराएर मात्र नक्शा नामसारी तथा नवीकरण गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ उपर छलफल हुँदा प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना अन्तर्गत आयोजना कार्यान्वयन इकाई तरकारी जोन दमौली, तनहुँद्वारा स्थानीय उपभोक्ताहरु समेतको लागत सहभागिता रहने गरी सौर्य सिंचाई योजनाका कार्यक्रमहरु लागू गर्न तरकारी खेती सम्बन्धी व्यवसायमा आवद्ध कृषकहरुबाट आवेदन माग सम्बन्धी सूचना प्रकाशित गरेकोमा स्थानीय उपभोक्ताको लागत सहभागिता मध्ये केही रकम यस न.पा.बाट समेत अनुदान सहयोग गर्ने गरी २०७५ पौष ६ गतेसम्म व्यवसायिक रुपमा क्रियाशील कृषकहरुको आवेदनहरु संकलन गरी छनौटका लागि सिफारिस गरी पठाउन सम्पूर्ण वडा कार्यालयहरुलाई सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ उपर छलफल हुँदा यस कार्यालयबाट नक्सापास स्वीकृत प्रमाण पत्र प्राप्त गरी घर निर्माण गर्ने घरधनी लगायत भवन तथा अन्य भौतिक संरचनाहरु निर्माण गर्ने संघ, संस्था तथा व्यक्तिहरुका निर्माणाधीन घरको सुपरभिजन गर्ने कार्य हालसम्म यस नगरपालिका कार्यालयबाट नै हुँदै आएकोमा घर नक्सापास तथा भूमि व्यवस्थापन समितिको प्रतिवेदन समेतलाई आधारमानी भवन सम्बन्धी डिजाईन एवं सो सम्बन्धी अन्य सम्पूर्ण कार्यहरु गर्ने गरी इजाजत प्राप्त स्थानीय कन्सल्टेन्सीहरुबाट नै न्यूनतम लागतमा घर नक्सापास सम्बन्धी सुपरभिजन सम्बन्धी कार्यहरु २०७५ माघ देखि गर्ने गराउने गरी आवश्यक प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ उपर छलफल हुँदा यस नगरपालिका वडा नं.३ स्थित नेकोर्यो हस्पिटल प्रा.लि.ले संस्था नवीकरणको लागि आवेदन दिएकोमा यस नगरपालिकाको स्वास्थ्य अनुगमन टोलीले सो हस्पिटलको अनुगमन गरी प्राप्त हुन आएको प्रतिवेदन अध्ययन गरी हेर्दा स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका २०७४ ले निर्दिष्ट गरे बमोजिमका भौतिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन सम्बन्धी मापदण्ड पुरा नगरेको देखिएको साथै यस अगाडि जिल्ला स्वास्थ्य कार्यालय तनहुँले दिएको निर्देशनको समेत पालना नगरेको देखिएको हुँदा मौजुदा अवस्थामा नै उक्त हस्पिटल नवीकरण गर्न योग्य नदेखिएकोले ७ दिनको म्याद दिई नवीकरण गर्नुपर्ने कुनै स्पष्ट आधार प्रमाण भए खुलाई पेश गर्न स्पष्टिकरण माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ उपर छलफल हुँदा "**मर्यादित आप्रवासन**" भन्ने मुल नाराका साथ १८ डिसेम्वर २०१८ तदनुसार २०७५ पौष ३ गतेमा पर्न गएको "**अन्तराष्ट्रिय आप्रवासन दिवस**" मनाउने भनी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं १ मिति २०७५/८/१९ को पत्रका सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०७५/०७६ च.नं ३०६ मिति २०७५/०८/२६ को पत्रद्वारा लेखी आएकोमा यस नगरपालिकाबाट पनि सम्बन्धित पक्षहरुसँग समन्वय गरी अन्तराष्ट्रिय आप्रवासन दिवस मनाउने गरी कार्यक्रम तय गर्ने निर्णय गरियो ।